**स्थानीय राजपत्र**

**बागचौर नगरपालिकाबाट प्रकाशित**

**खण्डः ६ संख्या : ९ मिति : २०७९।०४।०१ गते**

**भाग-२**

**बागचौर नगरपालिका**

# विषयगत समितिको गठन तथा कार्य संचालन नियमावली २०७९

*सभाबाट पारित मिति : २०७९/०३/३०*

**प्रस्तावनाः**

नगरपालिका कार्य प्रणालीलाई व्यवस्थित र प्रभाकारी बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ का दफा १४, २२, ६५, ६६ र ६७ मा व्यवस्था भए बमोजिम बागचौर नगर सभाले यो नियमावली जारी गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम विषयगत समितिको गठन तथा कार्य सञ्चालन नियमावली २०७९ रहेको छ ।

(२) यो नियमावली बागचौर नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) या नियमावली स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा–

(क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झन पर्दछ ।

(ख) 'नियमावली÷ भन्नाले विषयगत समितिको गठन तथा कार्य सञ्चालन नियमावली २०७९ सम्झनु पर्दछ ।

(ग) संयोजक भन्नाले यस नियमावली बमोजिम गठन भएको समितिको प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) समिति भन्नाले यस नियमावली बमोजिम नगरसभाले गठन गरेको विषयगत समिति र समितिहरुलाई सम्झनु पर्दछ

(ङ) प्रमुख भन्नाले बागचौर नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

(च) उपप्रमुख भन्नाले बागचौर नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

(छ) सदस्य सचिव भन्नाले यस नियमावली बमोजिम गठन हुने समितिको सचिवको रुपमा कार्य गर्नेगरी कार्यपालिकाले तोकेका शाखा प्रमुख वा कर्मचारीलाई सम्झनु पर्दछ ।

(ज) तोकिए वा तोकिए बमोजिम भन्नाले नगरपालिका तथा नगर सभा एवं यस नियमावली बमोजिम बनेको कार्यविधिले तोकेको कार्यलाई सम्झनु पर्दछ ।

# परिच्छेद – २
## विषयगत समिति सम्बन्धी व्यवस्था

**३. विषयगत समिति गठन गर्नेः** (१) स्थानीय सरकार संचालन ऐनको दफा ६५, ६६ र ६७ बमोजिम गठन हुने देहायका समितिहरुः

(क) राजश्व परामर्श समिति

(ख) श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति

(ग) बजेट तथा कार्यक्रम तर्जुमा समिति

(२) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ बमोजिम नगरपालिकाको कार्यलाई प्रभावकारी बनाउन नगरकार्यपालिकाले देहाय बमोजिमका विषयगत समिति गठन गर्न सक्नेछ ।

(क) भौतिक पूर्वाधार विकास समिति

(ख) सामाजिक विकास समिति

(ग) आर्थिक विकास समिति

(घ) वन, वातावरण तथा विपद व्यवस्थापन समिति

(ङ) संस्थागत विकास तथा क्षमता अभिवृद्धि समिति

(च) महिला, बालवालिका तथा ज्येष्ठ नागरिक समिति

(छ) पर्यटन विकास समिति

(ज) युवा तथा खेलकुद समिति

(३) नगरपालिकाको कार्यलाई प्रभावकारी बनाउन स्थानीय सरकार संचालन, २०७४ को दफा २२ बमोजिम नगर सभाले देहायका समितिहरु गठन गर्न सक्नेछ ।

(क) लेखा समिति

(ख) विधायन समिति

(ग) सुशासन समिति

**४. समितिमा संयोजक र सदस्यहरु चयनः**

(१) नियम (३) को उपनियम (१) को (क) (ख) (ग) मा उलेखित समिति गठन गर्ने सम्बन्धमा स्थानिय सरकार संचालन ऐनको दफा ६५, ६६ र ६७ बमोजिम हुनेछ र सदस्यहरु यस नियमावलीमा ब्यवस्था भए बमोजिम हुनेछ ।

(२) नियम (३) को उपनियम (१) (२) र (३) बमोजिमको समितिहरुमा सभाको सदस्यहरुलाई आफ्नो अनुभव र क्षमताको आधारमा समितिमा छनौट गरिनेछ ।

(३) नियम (३) को उपनियम (१) (२) र (३) बमोजिम गठन हुने समितिहरुमा कम्तिमा ७ र बढीमा ९ जना सम्म सदस्यहरु रहनेछन ।

(४) नियम (३) को उपनियम (२) को (क) देखी (ज) सम्मका समितिको संयोजक नगर प्रमुखले तोक्ने छ र सदस्यहरु कार्यपालिकाबाट छनौट भए बमोजिम हुनेछ ।

(५) नियम ४ को उपनियम (४) बमोजिम गठन हुने प्रत्येक विषयगत समितिमा विषयक्षेत्र हेर्ने संयोजकत्वमा कार्यपालिकाका सदस्यमध्ये महिला, दलित वा अल्पसंख्यक समेतको प्रतिनिधित्व हुनेगरी प्रमुखले तोकेको दुई जना सदस्य रहनेछन ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि योजना तर्जुमाको लागि गठन हुने बिषयगत समितिमा सम्बन्धित बिषयगत उपशाखाका प्रमुखहरु पदेन सदस्यको रुपमा रहनेछन ।

(७) बिषयगत समितिको कामकारबाहीलाई सहजीकरण गर्न प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित विषयगत शाखाको प्रमुखलाई सचिवको रुपमा काम गर्न खटाउने छ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएता पनि योजना तर्जुमाको लागि गठित विषयगत समितिको सन्दर्भमा उपदफा (६) बमोजिमका सदस्यहरुमध्ये कार्यपालिकाले कुनै एक शाखा प्रमुखलाई सदस्य सचिवको रुपमा काम गर्नेगरी तोक्नेछ । (९) यस कार्यविधि बमोजिम बिषयगत समितिको संयोजक र सदस्य तोक्दा बिषय क्षेत्रको ज्ञान, अनुभब र निजले समितिमा पुर्याउन सक्ने योगदान समेतका आधारमा मिल्दो बिषयगत समितिमा समाबेश गर्न प्राथमिकता दिनुपर्नेछ

५. संयोजक र सदस्यको पदावधिः (१) विषयगत समितिका संयोजक र नियम ४ को उपनियम (५) बमोजिम तोकिएका सदस्यको पदावधि पाँच वर्षको हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि निजको अनुभव र समितिको काममा पुर्याउन सक्ने योगदान समेतका आधारमा संयोजक र सदस्यको जिम्मेवारी आबश्यकता अनुसार परिवर्तन वा हेरफेर गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन।

(५) नियम (३) को उपनियम (३) को (क) (ख) (ग) मा उल्लेखित विषयगत समितिहरुको संयोजक र सदस्यहरु नगरपालिकाको प्रमुख र उपप्रमुख बाहेक नगर सभाले तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद – ३

## समितिको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

**५. समितिको काम, कर्तव्य र अधिकारः** (१) नियम (३) का उपनियम (२) र (३) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हनेछ ।

१. भौतिक पूर्वाधार विकास समितिका काम, कर्तव्य र अधिकारः (१) भौतिक पूर्वाधार विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्बन्धी नियम, कार्यविधिको मस्यौदा तयारी गर्न।

(ख) उद्योग, वाणिज्य, श्रम, रोजगार तथा वजार व्यबस्थापन सम्बन्धी कार्य गर्न ।

(ग) कृषि, सिंचाई, भवन लगायतका योजना तर्जूमा सम्बन्धी योजना निर्माण गर्ने ।

(घ) पर्यटन प्रवद्र्धन सम्बन्धी पूर्वाधार विकासको रणनिति बनाउने ।

(ङ) सूचना तथा संचारको पूर्वाधार विकास सम्बन्धि कार्ययोजना बनाउने ।

(च) खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्बन्धी कार्ययोजना बनाउने

(छ) विद्युत र उर्जा सम्बन्धी योजना बनाउने ।

(ज) बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी कर्ययोजना तयार गर्ने ।

(झ) नगर प्रमुखले तोकिएको अन्य कार्यहरु ।

२. सामाजिक विकास समितिको काम, कर्तव्य र अधिकारः

(१) सामाजिक विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तथा माध्यमिक शिक्षाका नियमन, व्यवस्थापन सम्बन्धी नीति, नियमको कार्ययोजना तयार गर्ने ।

(ख) खेलकुद तथा अतिरिक्त क्रियाकलाप सम्बन्धी योजना तथा कार्यक्रम तय गर्ने ।

(ग) आधारभूत स्वास्थ्य, पोषण तथा सरसफाइ प्रर्वद्धन गर्ने ।

(घ) लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी कार्य गर्ने,

(ङ) गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमन सम्बन्धी कार्यमा प्रमुखलाई सहयोग गर्ने,

(च) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी चेतनामूलक कार्य गर्ने,

(ज) प्रमुखले तोकिएको अन्य कार्य गर्ने ।

३. आर्थिक विकास समितिको काम, कर्तव्य र अधिकारः

(१) आर्थिक विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) आर्थिक (कार्यविधी) नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन गर्ने,

(ख) बजेट तयारी सम्बन्धमा समन्वय र सहयोग गर्ने,

(ग) कृषि तथा पशुपन्क्षी सम्बन्धी,

(घ) सिंचाई तथा नदी नियन्त्रण सम्बन्धी,

(ङ) उद्योग, वाणीज्य, पर्यटन प्रवद्र्धन सम्बन्धी,

(च) खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धि,

(छ) सहकारी तथा वित्तीय क्षेत्र सम्बन्धी,

(ज) रोजगार प्रबद्र्धन तथा गरिबी न्यूनीकरण सम्बन्धि ।

४. वन, वातावरण तथा विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः (१) वन, वातावरण तथा विपद व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्ययजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जूमा, कार्यान्वयन र नियमन गर्ने,

(ख) वृक्षारोपण, हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन गर्ने,

(ग) फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र नियमन गर्ने,

(घ) सरसफाइ तथा स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन गर्न योजना निर्माण गर्ने,

(ङ) वायु तथा ध्वनीको प्रदूषण नियन्त्रण गर्ने,

(च) हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण गर्ने,

(छ) सार्वजनिक शौचालय व्यवस्थापन गर्ने,

(ज) वातावरणीय जोखिम न्यूनीकरण गर्ने, विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(झ) न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास निति अवलम्बन गर्ने,

(ञ) वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन गर्ने,

(ट) पानी मुहानको संरक्षण, पहिरो नियन्त्रण, जलवायु परिवर्तन अनुकुुलन सम्बन्धी कार्यक्रम गर्ने,

५. संस्थागत विकास तथा क्षमता अभिवृद्धि समितिको काम, कर्तव्य र अधिकारः (१) संस्थागत विकास तथा क्षमता अभिवृद्धि समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन गर्ने,

(ख) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने

(ग) नगरपालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन

र वृत्ति विकास सम्बन्धी कार्यमा प्रमुखलाई सहयोग गर्ने,

(घ) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रबद्र्घन र नियमन गर्ने,

(ङ) मानव संसाधन विकासको लागि आपतकालीन तथा दीर्घकालीन योजना तर्जुमा गर्ने ।

(च) संघ, प्रदेश र स्थानिय तहबीचको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय सम्बन्धि कार्य गर्ने ।

(छ) योजना, अनुगमन तथा मूल्यांकन र तथ्यांक व्यवस्थापन सम्बन्धि कार्य गर्ने ।

**६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकारः**

(१) महिला, बालबालिका तथा ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन गर्ने,

(ख) महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तिकरण, क्षमता विकास गर्ने,

(ग) लैंगिक हिंसा निवारणको लागि निरोधात्मक, प्रवद्र्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना गर्ने,

(घ) लैंगिक उत्तरदायी बजेट तयारीमा सहयोग गर्ने,

(ङ) बालबालिकाको हकहीत संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,

(च) बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल निर्माण गर्न सहयोग गर्ने,

(छ) बालबालिकाको हकहीत संरक्षण सम्बन्धमा संघ, प्रदेश तथा अन्य निकायसँग सम्पर्क,समन्वय तथा सहकार्य गर्ने सम्बधमा प्रमुखलाई सहयोग गर्ने,

(ज) नगरपालिका भित्र संचालनमा रहेको बालगृहहरुको नियमन तथा अनुगमन गर्ने,

(झ) बैकल्पिक स्याहार पद्धतिका कार्यान्वयन गर्ने ।

**७. पर्यटन विकास समितिको काम, कर्तव्य र अधिकारः** (१) पर्यटन विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने गराउने सम्बन्धमा प्रमुखलाई सहयोग गर्ने,

(ख) पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्घन र विकास गर्ने गराउने,

(ग) परम्परागरत रुपमा चलिआएको जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्ने गराउने,

(घ) स्थानीय महत्वको धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यबस्थापन गर्ने गराउने,

(ङ) पर्यटकीय महत्वको स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवद्र्धन गर्ने गराउने,

(च) पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने गराउने,

(छ) पुरातात्विक, धार्मिक महत्वको सम्पदाहरुको संरक्षण तथा सम्बद्र्धन गर्ने गराउने,

(ज) भाषा, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबद्र्धन र विकास गर्ने गराउन ।

**८. युवा खेलकुद विकास समितिः** (१) युवा खेलकुद विकास समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) युवा सशक्तिकरण सम्बन्धी निति योजना निर्माण तथा कार्यान्वयनमा प्रमुखलाई सहयोग गर्ने,

(ख) खेलकुद बिकास सम्बन्धी कार्ययोजना निर्माण गर्ने,

(ग) समग्र खेलकुद बिकास र युवा लक्षित कार्यक्रम सम्बन्धी योजना तयार गर्ने,

(घ) कला, सस्कृतिको संरक्षण सम्बद्धन सम्बन्धी योजना बनाउने,

**९. लेखा समितिको काम, कर्तव्य र अधिकारः** (१) लेखा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) नगर कार्यपालिकालाइ वित्तीय अनुशासन कायम गन आवश्यक सल्लाह, समन्वय र निर्देशन दिने

(ख) सार्वजनिक खर्चलाई मितव्यी बनाउन आवश्यक नीति, कानुन, कार्यक्रम तर्जुमा/पारदर्शी गरी कार्यपालिका मार्फत सभामा पेश गर्ने ।

(ग) नगरपालिका वेरुजुका प्रमुख गर्ने, वेरुजु फछ्र्यौटमा कार्यपालिकालाई आवश्यक सहयोग, समन्वय र निर्देशन दिने ।

(घ) नगरपालिका तथा अन्य सार्वजनिक निकायमा वित्तीय अनुशासन कायम गर्न आवश्यक समन्वय, सहजिकरण र निर्देशन दिने ।

(ङ) प्रमुखले तोकिए बमोजिम अन्य कार्यक्रम गर्ने ।

**१०. विधायनसमितिको काम, कर्तव्य र अधिकारः** (१) विधायन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विषयगत समितिहरुबाट प्राप्त क्षेत्रगत विधेयकहरुको मस्यौदाहरु अध्ययन गरी आवश्यक सुझाव सहित सम्बन्धित समितिमा फिर्ता गर्ने,

(ख) नगरसभाले जारी गर्नुपर्ने आवश्यक कानुनहरुको अध्ययन गरी मस्यौदा तयार गर्न कार्यपालिकालाई सहयोग गर्ने,

(ग) सरोकारवालाहरुलाई नगरपालिकाले जारी गरेको कानुनहरुको सचेतना कार्यक्रम संचालन गर्ने

(घ) कानुनको सञ्चार गर्ने,

(ङ) तोकिए बमोजिम अन्य कार्यक्रम गर्ने ।

**११. सुशासन समितिको काम, कर्तव्य र अधिकारः** सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) सार्वजनिक सुनुवाइ गर्न र सो बाट औंल्याइएको कमीकमोजोरीलाई सुधार गर्न कार्यपालिकालाई निर्देशन दिने,

(ख) सार्वजनिक परीक्षण गर्ने,

(ग) पूर्वाधार विकास निर्माणको कार्यहरुको प्रभावकारिता सम्बन्धी सरोकारवालाहरु सँग छलफल गर्न सुझाव संकलन गर्न र कार्यपालिकालाई आवश्यक निर्देशन दिने,

(घ) अनुसन्धान तथा विकासको काय गर्ने,

(ङ) बजार अनुगमन, गुणस्तर, नापतौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण सम्बन्धि कार्य गर्ने ।

(च) आन्तरिक र अन्तिम लेखापरीक्षण सम्बन्धि कार्य गर्ने गराउने ।

(छ) नगरपालिकाबाट प्रदान गरिने सेवा, प्रवाहलाई छिटो, छरिता र प्रभावकारी बनाउन नियमन गर्ने ।

## परिच्छेद – ४

## विषयगत समितिको कार्यक्षेत्र

**६. समितिको कार्यक्षेत्रः**

(१) भौतिक पूर्वाधार विकास समितिको कार्यक्षेत्र देहाय अनुसार हुनेछः

(क) सडक तथा पुल (ख) सूचना तथा सञ्चार (ग) सिंचाइ (घ) उर्जा, लघु तथा साना जलविद्युत (ङ) भवन तथा सहरी विकास (च) वैकल्पिक उर्जा

(२) सामाजिक विकास समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य (ख) खानेपानी तथा सरसफाई (ग) जनसंख्या व्यवस्थापन (ग) लैङ्गिक समानता तथा

सामाजिक समावेशीकरण (घ) लक्षित तथा बहुसरोकारको क्षेत्र (ङ) युवा तथा खेलकुद

(३) आर्थिक विकास समितिको कार्यक्षेत्र देहाय बमोजिमको हुनेछः

(क) कृषि तथा पश विकास (ख) सहकारी (ग) वित्तीय क्षेत्र (घ) उद्योग तथा वाणिज्य (ङ) पर्यटन

(च) रोजगारी

(४) वन, वातावरण तथा विपद व्यवस्थाप समितिको कार्यक्षेत्र देहाय अनुसार हुनेछः

(क) वन तथा भुसंरक्षण (ख) फोहोरमैला व्यवस्थापन (ग) जलाधार संरक्षण (घ) जल उत्पन्न तथा प्रकोप नियन्त्रण (ङ) वातारण संरक्षण (च) जलवायु परिवर्तन (छ) विपद व्यवस्थापन (ज) वारुण यन्त्र संचालन

(५) संस्थागत विकास, क्षमता अभिबृद्धि समितिको कार्यक्षेत्र देहाय अनुसार हुनेछः

(क) मानव संशाधन विकास (ख) सेवा प्रवाहको व्यवस्थापन (ग) संस्थागत क्षमता विकास (घ)

सुरक्षा व्यवस्थापन (ङ) स्थानीय तथ्याङ्क व्यवस्थापन तथा अभिलेख व्यवस्थापन

(६) महिला, बालवालिका तथा ज्येष्ठ नागरिक समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः

(क) अपाङ्ता तथा ज्येष्ठ नागरिक परिचय पत्र वितरण (ख) महिला सशक्तिकरण सम्बन्धी कार्यक्रम (ग) वाल क्लब गठन तथा संचालन र वाल अधिकार संरक्षण (घ) ज्येष्ठ नागरिक संरक्षण, सम्बन्धित विषयका नीति, नियमको मस्यौदा तयारी गर्ने ।

**(७) पर्यटन विकास समितिको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः**

(क) भाषा, संस्कृति र ललितकलाको संरक्षण (ख) पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रबद्र्घन र विकास (ग) परम्परागरत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन (घ) पर्यटकीय महत्वको स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवद्र्धन (ङ) पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन गर्ने गराउने,

**(८) युवा तथा खेलकुद बिकास समितिः**

(क) खेलकुद (ख) युवा सशक्तिकरण (ग) सास्कृतिक संरक्षण संबद्र्धन

**(९) सार्वजनिक लेखा समितिः**

(क) वित्तीय अनुशासन सम्बन्धी कार्य

(ख) बेरुजुको अध्ययन र सो का फछ्र्यौटमा सहयोग

(ग) सार्वजनिक खर्चलाई मितव्ययी र पारदर्शी वनाउने कार्य ।

**(१०) विधायन समितिः**

(क) नगर सभामा पेश हुने विधेयक उपर अध्ययन र सुझाव पेश

(ख) नगर सभामा पेश हुने नियम, विनियम, कार्यविधीको मस्यौदा तयार

(ग) कुनै कानूनी प्रश्न समावेश भएको नीति तथा कार्यक्रम सम्बन्धी दस्तावेज तयारी

(घ) कानून सम्बन्धी सचेतना कार्यक्रम संचालन ।

**(११) सुशासन समितिः**

(क) सार्वजनिक सुनुवाइ (ख) सार्वजनिक परीक्षण (ग) पञ्जिकरण व्यवस्थापन (घ) अनुसन्धान तथा विकास (ङ) अन्यत्र वर्गिकरण नभएको कार्य क्षेत्र ।

## परिच्छेद ५

## समितिको बैठक संचालन, निर्णय प्रकृया र प्रतिवेदन

**७. समितिको बैठक प्रकृयाः** (१) समितिको बैठक आवश्यकता र औचित्यताको आधारमा वर्षमा वढीमा ४ पटक सम्म बस्न सक्नेछ

(२) समितिको संयोजकले बैठकमा छलफल गर्न विषय सहित बैठकको समय तालिका तय गर्नेछ । यसरी समय तालिका तय गर्दा प्रमुख सँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(३) संयोजकको निर्देशानुसार सदस्य सचिवले बैठकमा सदस्यहरुलाई आमन्त्रण गर्नुपर्नेछ ।

**८. समितिको निर्णय प्रकृयाः** (१) समितिको बैठकको निर्णय सामान्यतया सर्वसम्मतिबाट हुनेछ तर सर्वसम्मतिबाट हुन नसकेमा ५१ प्रतिशत बहुमतले निर्णय गर्नेछ ।

(२) कार्यपालिकाले गठन गर्न समितिको प्रतिवेदन कार्यपालिकामा र सभाले गठन गरेको समितिका प्रतिवेदन नगर सभामा पेश गरी कार्यपालिका र नगर सभामा उक्त

प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्णय लिन सक्नेछ ।

९. वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः (१) समितिहरुले आफ्नो वार्षिक प्रतिवेदन नगर कार्यपालिका मार्फत नगरसभामा पेश गर्नु पर्नेछ ।

(२) नगर सभाले प्रतिवेदन उपर छलफल गरी कार्यान्वयनको लागि नगर कार्यपालिकामा पठाउनेछ ।

(३) नगर सभाले दिएको प्रतिवेदन र निर्देशन कार्यान्वयन गर्न कार्यपालिकाको दायित्व हुनेछ ।

## परिच्छेद-६

## विविध

**१०. आमन्त्रण गर्न सक्नेः** (१) समितिले काम कारवाहीको सन्दर्भमा नगर कार्यपालिकाको पदाधिकारी, सदस्य एवं सम्बन्धित कर्मचारी वा जिम्मेवार व्यक्तिलाई बैंठकमा बालाउन सक्नेछ ।

(२) समितिले आफनो काम कारवाहीको सन्दर्भमा सम्बन्धित विषयको विज्ञ एव विशेषज्ञको सेवा लिन सक्नेछ ।

**११. सदस्य सचिव सम्बन्धी  व्यवस्थाः** सबै समितिहरुको सचिवको रुपमा कामकाज  गर्न सम्बन्धित  शाखाको शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारीलाई सदस्य सचिवको रुपमा खटाउन सकिनेछ ।

**१२. अन्य समिति गठन गर्न सक्नेः** नगरसभाले आवश्यकता र औचित्यताको आधारमा अन्य समिति गठन गर्न सक्नेछ । साथै अन्य समितिहरुको गठन, काम, कर्तव्य र

अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ का दफा ६४, ६६ र ६७ मा व्यवस्था भए बमाजिम हुनेछ ।

**१३. कार्यविधि बनाउन सक्नेः** समितिले यस नियमको अधिनमा रही समिति संचालन सम्बन्धी कार्यविधि बनाउन सक्नेछ

**१४. बिषयगत समितिको अभिलेखः** (१) बिषयगत समितिले आफूले सम्पादन गरेका कामको अभिलेख दुरुस्त राख्नु पर्नेछ

(२) बिषयगत समितिले आफ्नो कार्यक्षेत्र भित्रको कुनै काम, कारवाहीको सम्बन्धमा प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्ने अभिलेखहरु सार्वजनिक गर्नु हुँदैन ।

(३) बिषयगत समितिमा भएको छलफल, निर्णय र कामकारवाहीसँग सम्बन्धित अभिलेख समिति सचिव मार्फत् सचिवालयले व्यवस्थित गरी राख्नेछ ।

**१५. नियमावलीको संशोधनः** (१) कार्यपालिकाले आवश्यकता अनुसार यस नियमावलीको संशोधन गर्न सक्नेछ ।

**१६. आवश्यक व्यवस्था गर्न सक्नेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा कार्यपालिकाले आवश्यक व्यवस्था गरी वाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले,
रामबहादुर हमाल
प्रमुख प्रशासकीय अधिकृत